प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. २

जनकपुरधाम, धनुषा, नेपाल

पत्र संख्याः– २०७५/७६

## आ.ब. ०७४।०७५ को सम्पति विवरण बुझाउने सम्बन्धी प्रदेश नं.२ का सार्वजनिक पदाधिकारीहरुलाई सूचना ।

२०७५।४।९

भ्रष्ट्राचार निवारण ऐन २०५९ को दफा ५० को दफा (१) बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र त्यसपछि हरेक आ.ब. समाप्त भएको मितिले ६०(साठी) दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पतिको श्रोत वा निस्सा सहितको अद्धावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरि तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्नेछ भन्ने व्यवस्था भएको हुँदा सार्वजनिक पद धारण गरेका देहायका पदाधिकारी तथा कर्मचारीहरुले आ.ब. ०७४।७५ को सम्पति विवरण देहाय अनुसारको निकायमा बुझाउन हुन नेपाल राजपत्र असार २०, २०७५(अतिरिक्ताङ्क ११) अनुसार सरोकारवाला सबैमा जानकारी गराइन्छ ।

| क्र.सं. | सार्वजनिक पद | विवरण पेश गर्नुपर्ने निकाय |
|---|---|---|
| १. | प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्रीहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं. २, जनकपुरधाम । |
| २. | प्रदेशका मुख्य न्यायाधिवक्ता | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं. २, जनकपुरधाम । |
| ३. | प्रदेश सरकारबाट मनोनित तथा नियुक्त पदाधिकारीहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं. २, जनकपुरधाम । |
| ४. | जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख तथा जि.स.स.बाट नियुक्त अन्य पदाधिकारी कर्मचारी सबै, नगरपालिकाको प्रमुख, उपप्रमुख, गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष गाउँ तथा नगरकार्यपालिकाको सदस्य तथा वडा सदस्य लगायतका स्थानीय तहका पदाधिकारी तथा निजामति र स्थायी शिक्षक बाहेकका सम्पूर्ण कर्मचारीहरु | जि.स.स. लगायत सम्बन्धीत स्थानीय तहको कार्यालयमा बुझाई सो कार्यालयले सम्पत्ति विवरण अभिलेख राखी बन्दी खामहरु ३० दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नुपर्ने । |